# केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज काठमाडौं
## "दण्डहिनता विरुद्ध CIB को अभियान"

महाराजगंज, काठमाडौं।
मिति २०७६/११/१२ गते।

**बिषय**:- प्रेस विज्ञप्ती

**"कर्तब्यज्यान मुद्दामा फरार प्रतिवादीहरु पक्राऊ"**

कुमार प्रसाद पहाडीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी यज्ञ प्रसाद चौलागाई समेत भएको कर्तव्य ज्यान मुद्दामा पुनरावेदन अदालत पाटनको मिति २०७६।०२।१० गतेको फैसलाले जिल्ला सिन्धुली साविक भिमेश्वर गा.वि.स. वडा नं.९ हाल गोलञ्जोर गाउंपालिका वडा नं-७ बस्ने वर्ष ७३ का यज्ञ प्रसाद चौलागाई र ऐ.ऐ. बस्ने वर्ष ३४ की सम्झना भन्ने टिका कुमारी चौलागाईलाई जनही २० बर्ष कैद हुने ठहर भएकोमा उक्त सजाय वेरुजु रही भागी फरार रहेका निज प्रतिबादीहरुलाई यस ब्यूरोको टोलीले मिति २०७६।११।११ गते गोठाटार,काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि काठमाडौं जिल्ला अदालतमा उपस्थित गराईएकोमा निजहरुलाई कैद भुक्तानको लागि केन्द्रिय कारागार कार्यालय सुन्धारामा पेश गरीएको छ।

मिति २०७३/०७/३० गते अं. १२:०० बजेको समयमा जिल्ला सिन्धुली साविक भिमेश्वर गा.बि.स. वडा नं. ९ विकासे कुलो नजिकै तुलसा कुमारी पहाडीको मृतक शव फेला परेको; आफ्नै घर परिवारका सदस्यहरुबाट घरेलु हिंसाको शिकार बन्दै आएकी तुलसा कुमारी पहाडीलाई मिति २०७३/०७/३० गते निज मृतकको ससुरा नाता पर्ने यज्ञ प्रसाद चौलागाई र देउरानी नाता पर्ने टीका कुमारी चौलागाई समेतले कुटपिट गरी कर्तब्य गरी मारी फालेको ठहर गर्दै पुनरावेदन अदालत पाटनले निज प्रतिवादीहरुलाई जन्म-कैदको सजाय हुने फैसला गरेको थियो।

**पक्राउ प्रतिवादीहरु:-**



१. **नाम:-** यज्ञ प्रसाद चौलागाई
**उमेर:** ७३ बर्ष
**ठेगाना:**- जिल्ला सिन्धुली गोलञ्जोर गाउंपालिका वडा नं. ७
**मुद्दा:-** कर्तव्य ज्यान
**कैद:-** २० बर्ष
**पक्राऊ मिति:-** २०७६/११/११ गते।



२. **नाम:-** टिका कुमारी चौलागाई **उपनाम:-** सम्झाना
**उमेर:** ३४ बर्ष
**ठेगाना:**- जिल्ला सिन्धुली गोलञ्जोर गाउंपालिका वडा नं. ७
**मुद्दा:-** कर्तव्य ज्यान
**कैद:-** २० बर्ष
**पक्राऊ मिति:-** २०७६/११/११ गते

प्रहरी उपरीक्षक
(वेल बहादुर पाण्डे)
प्रवक्ता
सम्पर्क नंबर:- ९८५१२९१३११